# खत्याड गाउँपालिका

# स्थानीय राजपत्र

## खत्याड गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ८** **संख्याः ७** **मितिः २०८२।११।१३**

## भाग-२

## खत्याड गाउँपालिका

नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानिय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खत्याड गाउँ कार्यपालिकाको १०७ औ बैठकले ***"आर्थिक सहायता कार्यविधि, २०८२"*** स्वीकृत गरेको छ ।

आज्ञाले,

महेश महता

नि.प्रमुख प्रशासकीय अधिकृत

# आर्थिक सहायता कार्यविधि, २०८२

प्रस्तावना : खत्याड गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो छरिटो मितब्ययी एबम प्रभाबकारी रुपमा प्रबाह गर्न सहायता प्राप्त गर्नेहरुलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई अपेक्षित परिणाम हाँसिल गर्न तथा खत्याड गाउँपालिकाको कोषको सहि सदुपयोग तथा परिचालन सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्न नागरिकको मौलिक हकको प्रत्याभुति गर्न बाञ्छानीय भएकोले

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी खत्याड गाउँकार्यपालिकाले यो कार्यपविधि बनाई लागु गरेकोछ।

## परिच्छेद - १

### प्रारम्भिक

१. संक्षिप्तमा नाम र प्रारम्भ : यस कार्यविधिको नाम खत्याड गाउँपालिका आर्थिक सहायता वितरण कार्यविधि २०८२ रहनेछ र यो कार्यविधि तुरुन्त प्रारम्भ रहनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "आर्थिक सहायता " भन्नाले कुनै किसमको दैविक वा मानविय कारणबाट जिउ ज्यान, धनजन , चौपाय, र अन्य सम्पति क्षति भएको ब्यक्तिलाई गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग बुझ्नुपर्छ ।

ख) "दैवि विपत्ती " भन्नाले भुकम्प, बाढि, पहिरो, चट्याङ, हुरी, बतास, असिना सितलहर जस्ता प्रकोपलाई बुझ्नुपर्छ

ग) "मानविय विपत्ती " भन्नाले मानिसका कारणबाट भएको आगलागी, हावाहुरी , हुलदङ्गा , जल, औधोगिक दुर्घटना , विषाक्त खाद्य सेवन, विषाक्त, ग्यास, रसायण, वा विकिरण चुहावट जस्ता विपत्ती सम्झनुपर्छ ।

घ) "दिर्घ रोग " भन्नाले क्यानसर , मुटुरोग, मृगौला सम्बन्धि रोग, एच .आई .भि एड्स रोगलाई सम्झनुपर्छ ।

ङ) "हवाइ सहायता " भन्नाले कुनै व्यक्ती दुर्घटना परि सक्त घाइते भइ तत्काल उपचार गराउनु पर्ने, अकस्मात विरामी भइ तत्काल उपचार नभए ज्यान जाने अवस्थामा पुगेको, चोटपटक लागी घाइते भइ अवस्था गम्भीर भएको वा आकस्मिक उपचार गराउनु पर्ने कुरा स्वास्थ्यकर्मीबाट प्रमाणित भएको, निजको आर्थिक अवस्था नाजुक भएको वडाको सिफारिस भइ आएको व्यक्तिको उपचारका लागी दिइने हवाइ भाडा लाई सम्झनुपर्छ ।

च) "सहायता कोष" भन्नाले यस खत्याड गाउँपालिकाका बासिन्दाहरुलाइ उपचारका निम्ति सहायता गर्ने उद्देश्यका लागि स्थापना गरीएको कोषलाई सहायता कोषलाई सम्झनु पर्दछ ।

झ) "सहायता कोष सञ्चालन समिति" भन्नाले उपचारका लागि सिफारिस गर्ने समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

### सहायता रकम

३. संकटपुर्णरुपमा समाधान गर्न नसकिने न्युनिकरणका उपायहरु अपनाउदै अपनाउदै समेत संकट आईपर्ने उक्त संकट ब्यवस्थापन गर्न केहि आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र ब्यक्तिलाई केहि मात्रामा भएपनी राहात गर्ने महसुस गर्दे तपशिल अनुसारका शीर्षकमा तपशिल बमोजिमको आर्थिक सहायता गाउँपालिका अध्क्षयको आदेश बमोजिम एक हजार देखि बिस हजार सम्म नगद वा जिन्सी सामान प्रदान गरिनेछ । सो भन्दा बढी सम्मको आर्थिक सहायता कार्यपालिका बैठकको निर्णय अनुसार प्रदान गर्न सकिनेछ । घटनाको प्रकृति हेरी रु बिस हजार भन्दा बढिको आर्थिक सहायता प्रदान गर्दा विपत् ब्यबस्थापन समिति र सामाजिक विकास समितिको सिफारिसमा गर्नु पर्नेछ ।

क. मृत्यु भएमा मृतकका परिवारलाई तत्काल राहत पुग्ने गरी

| **कारण** | **सहायता गर्न सकिने रकम** |
|---|---|
| आगलागी | काज क्रिया खर्च प्रति ब्यक्ति रु २०००० |
| दुर्घटना (करेन्ट ,चट्याङ ,साधन तथा औजार बाट | काज क्रिया खर्च प्रति ब्यक्ति रु २०००० |
| रुख खोलानाला भिर पहिरो आदी | काज क्रिया खर्च प्रति ब्यक्ति रु २०००० |
| दैवी प्रकृतिक विपत्ती | काज क्रिया खर्च प्रति ब्यक्ति रु २०००० |
| बेवारिसे मानिस (बाहिरबाट आएको खत्याड गाउँपालिका भित्रको ठाउँमा ठेगाना खुल्ने गरी बाहिर गएर मरेको ) | काज क्रिया खर्च प्रति ब्यक्ति रु २०००० |
| खत्याड गाउँपालिकम क्षेत्र भित्रको नागरिक बैदेशिक रोजगारको क्रममा मृत्युभएको ब्यक्ति | काज क्रिया खर्च प्रति ब्यक्ति रु २०००० |
| विषालु पदार्थ सेवन (जस्तै पानीमा बिष परेको ) | काज क्रिया खर्च प्रति ब्यक्ति रु २०००० |
| जनावरवाट क्षति मानसिव क्षति भए | काज क्रिया खर्च प्रति ब्यक्ति रु २०००० |

**वितरणका आधारहरुः**

क) प्रहरी सर्जिमन मुचुल्का

ख) प्रकृतिक प्रमाण सहित वडा कार्यालयको सिफारिस पत्र

ग) निबेदन

घ) सम्भब भए सम्म तस्विर फोटो

खत्याड गाउँपालिका मुगु

**ख. घाईते तथा उपचारको क्रममा रहेको**

| कारण | सहायता गर्न सकिने रकम | |
|---|---|---|
| | गम्भिर | सामान्य |
| जनावर आतङ्क | बढीमा रु २०००० | बढिमा रु ५००० देखि रु १०००० |
| आगलागी | बढीमा रु २०००० | बढिमा रु ५००० देखि रु १०००० |
| बाढि पहिरो | बढीमा रु २०००० | बढीमा रु १०००० |
| हुरीबतास | बढीमा रु २०००० | बढीमा रु १०००० |
| मानवीय तथा दैविक प्रकृतिक विपत्ती | बढीमा रु २०००० | बढीमा रु १०००० |
| आर्थिक अवस्था कमजोर भएका व्यक्तीहरुलाई उपचारको प्रकृति हेरी | बढीमा २०००० | १० हजार देखि १५ हजार |

**वितरणका आधारहरू:**

क) विरामी दर्ता पुर्जा (prescription)
ख) प्रकृति अनुसारको सिफारिस पत्र
ग) सम्बन्धित विरामी वा संरक्षकको निबेदन

**ग .गम्भिर प्राकृतिक रोगीहरु (रोग उपचारको क्रममा हुनुपर्ने)**

| रोगको प्रकार | सहायता गर्न सकिने रकम |
|---|---|

| | |
|---|---|
| क्यान्सर | बढीमा रु २०००० (संघीय सरकारको औषधी उपचार वापत खर्च नलिएको हकमा मात्र) |
| मृगौला | बढीमा रु १०००० (संघीय सरकारको औषधी उपचार वापत खर्च नलिएको हकमा मात्र) |
| मुटु | बढीमा रु ३०००० |
| दम | बढिमा ३५०० (बिमा प्रोत्साहानको लागि विपन्न परिवारको लागि मात्र) |
| मधुमेह | बढिमा रु १०००० |
| उच्च रक्तचाप | बढिमा रु १०००० |
| पत्थरी | बढिमा रु १०००० |
| हाडजोर्नी तथा नसा रोगी | बढिमा रु २०००० |
| मेरुदण्ड पक्षघात | बढिमा रु ३०००० |

**घ. हवाइ सहायता**

कुनै व्यक्ति दुर्घटनामा परि सक्त घाइते भई तत्काल उपचार गराउनु पर्ने, अकस्मात विरामी भई तत्काल उपचार नभए ज्यान जाने अवस्थामा पुगेको, चोटपटक लागी घाइते भई अवस्था गम्भीर भएको वा आकस्मिक उपचार गराउनु पर्ने कुरा स्वास्थ्यकर्मीबाट प्रमाणित भएको, निजको आर्थिक अवस्था नाजुक भएको वडाबाट सिफारिस भई आएको खण्डमा निज व्यक्तिको उपचारका लागी दिइने हवाई भाडा वापत हवाई सेवाको प्रकार हेरी बढीमा रु २ लाख ५० हजार सम्म हवाई सहायता (हेलीकप्टर सेवा एकतर्फि र हवाई सेवा दुई तर्फि) प्रदान गरिनेछ ।

**वितरणका आधारहरु:**

क) विरामी दर्ता पुर्जा ( prescription)
क) प्रकृति अनुसारको सिफारिस पत्र
ख) सम्बन्धित विरामी वा संरक्षकको निबेदन

ग) हवाई टिकट

४. माथि उल्लेखित विषयमा नपरेका वा छुट भएकम जुनसुकै विषयहरु आएमा र गाउँपालिका प्रमुखलाई मनासिव लागेमा गाउँपालिका प्रमुखको आदेश बाट रु बिस हजार सम्म भुक्तानी दिन सकिनेछ।

**ङ. सहायता कोष सञ्चालन समिति देहायको बमोजिम हुनेछ ।**

क. गाउँपालिका अध्यक्ष - संयोजक
ख. उपाध्यक्ष - सदस्य
ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
घ. सामाजिक समितिको संयोजक - सदस्य
ङ. स्वास्थ्य संयोजक -सदस्य सचिव

**च. सहायता कोष सन्चालन समितिको काम कर्तव्य र अधिकार देहायको बमोजिम हुनेछ ।**

- तत्काल बैठक वस्ने ।
- सहायता दिन मिल्ने नमिल्ने पहिचान गरी आवश्यक सिफारिस गर्ने ।

## परिच्छेद – ३

### समयवधि :

५. विपत्तले ज धनको क्षतिको साथै जिवनयापन र वातावरणमा परेको प्रतिकुल असर /प्रभावलाई कम गर्न र दैनिक जिवनयापनमा केहि हदसम्म सहजता ल्याउन नियमानुसार राहत रकम निवेदन प्राप्त भएको मितिले विशेष परिस्थिति बाहेक १५ दिन भित्र सम्बन्धित पिडितलाई उपलब्ध गराईनेछ।

## परिच्छेद – ४

### विविध :

६. यो कार्यविधिका कुनै दफाहरु संघीय तथा प्रदेश कानुन सँग बाँझिएमा उक्त दफा बाँझिएको हद सम्म अमान्य हुनेछ।

७. यस अघि प्रदान गरिएको आर्थिक सहायता यसै कानुन बमोजिम भै गरेको मानिनेछ।

खत्याड गाउँपालिका मुगु